बर्दिबास नगरपालिकाका नगर प्रमुख श्री प्रहलाद कुमार क्षेत्री ज्युको अध्यक्षतामा मिति २०८३ साल असोज २६ गते सोमवार बसेको नगरकार्यपालिका बैठकबाट देहायबमोजिमको प्रस्ताव उपर छलफल गरी निर्णय गरियो।

उपस्थिति

क्र.सं.	नाम	पद	हस्ताक्षर
१	श्री प्रहलाद कुमार क्षेत्री	प्रमुख	
२	श्री तारा देवी	उप प्रमुख	
३	श्री भोला खड्का	वडा अध्यक्ष-१	
४	श्री धिरेन्द्र कुमार सिंह	वडा अध्यक्ष-२	
५	श्री विराट कुमार विष्ट	वडा अध्यक्ष-३	
६	श्री अक्कल बहादुर तमाङ	वडा अध्यक्ष-४	
७	श्री काहार मान स्याङ्गवा	वडा अध्यक्ष-५	
८	श्री पदम बहादुर आले	वडा अध्यक्ष-६	
९	श्री रामस्वगारथ यादव	वडा अध्यक्ष-७	
१०	श्री समसेर सिंह	वडा अध्यक्ष-८	
११	श्री घुरन महतो	वडा अध्यक्ष-९	
१२	श्री प्रमोद कुमार मोक्तान	वडा अध्यक्ष-१०	
१३	श्री पूर्ण वहादुर बल	वडा अध्यक्ष-११	
१४	श्री राम किशोर साह	वडा अध्यक्ष-१२	
१५	श्री लक्ष्मण सिंह	वडा अध्यक्ष-१३	
१६	श्री विजय कुमार महतो	वडा अध्यक्ष-१४	
१७	श्री विन्देश्वर साह	कार्यपालिका सदस्य	
१८	श्री रामचलित्तर पंजियार	कार्यपालिका सदस्य	
१९	श्री लक्ष्मी कोइराला	कार्यपालिका सदस्य	
२०	श्री.अन्सीला कुमारी	कार्यपालिका सदस्य	
२१	श्री विना कुमारी पाख्रिन	कार्यपालिका सदस्य	
२२	श्री प्रतिमा कुमारी विश्वकर्मा	कार्यपालिका सदस्य	
२३	श्री ऐश्वर्य वोम्जन तमाङ	कार्यपालिका सदस्य	
२४	श्री जयराम गजुरेल	प्र. प्र. अ. (सदस्य सचिव)	
	आमन्त्रित		
१	श्री पवन कुमार कार्की	ल.प्र.	

बैठकका प्रस्तावहरु:

१) आर्थिक सहयोग सम्बन्धमा,

२) कार्यक्रम संचालनको अनुमति र समन्वय सम्बन्धमा,

३) सडक तथा बाटोहरु मर्मत सम्बन्धमा,

४) भेरियसन सम्बन्धमा,

५) बैंक जमानत सम्बन्धमा,

६) नेपाल रेडक्रस सोसाइटी उपशाखालाई सोधभर्ना रकम सम्बन्धमा,

७) म्यूजिक ट्रेनिङ्गको सम्झौँता सम्बन्धमा,

८) कार्यविधि सम्बन्धमा,

९) कम्प्युटर तथा प्रिन्टर उपलब्ध गराउने सम्बन्धमा,

बैठकका निर्णयहरु:

१. प्रस्ताव नम्बर एक उपर छलफल गर्दा, बर्दिबास नगरपालिका वडा नं. ८ को कार्यालयबाट प्राप्त सिफारिस अनुसार बर्दिबास नगरपालिका वडा नं. ८ बस्ने बिनिता कपरको KMC Hospital सिनामङ्गल, काठमाण्डौँ मा उपचारार्थ रहेको र उपचारको क्रममा KMC Pharmacy and Medical suppliers PVT.LTD बाट औँषधी तथा उपचारको लागि आवश्यक अन्य सामग्री उपलब्ध गराउँदाको रु १,०५,२०४/-(अक्षरेपी एक लाख पाँच हजार दुई सय चार) को भुक्तानी बाकी रहेको, साथै निजको आर्थिक अवस्था कमजोर रहेकोले KMC Pharmacy and Medical suppliers PVT.LTD को बिल अनुसारको भुक्तानी गर्ने,

२. प्रस्ताव नं. २ उपर छलफल गर्दा बर्दिबास नगरपालिका क्षेत्रभित्र तपसिलमा उल्लिखित गैरसरकारी संस्थाहरूबाट प्रस्तावित कार्यक्रम सञ्चालन गर्न अनुमति प्रदान गर्ने तथा आवश्यक सहजीकरण र समन्वय गर्ने सम्बन्धमा देहायबमोजिम निर्णय गरियो।

१. पहिचान–नेपाल, काठमाण्डौँ नामक संस्थाले यस नगरपालिका क्षेत्रभित्र अक्टोबर २०२६ देखि नोभेम्बर २०२७ सम्म दृष्टिविहीनता भएका व्यक्तिहरूको डिजिटल प्रविधिमा पहुँच तथा प्रयोग, पहुँचयुक्त शिक्षा र दिगो जीविकोपार्जनका अवसरहरू सुदृढ गर्ने उद्देश्यले कार्यक्रम सञ्चालन गर्न स्वीकृतिका लागि प्रस्तावना पेस गरेकोमा उक्त कार्यक्रम सान्दर्भिक र आवश्यक देखिएकाले कार्यक्रम सञ्चालन गर्न अनुमति प्रदान गर्ने,

२. नेत्रहीन युवा संघ नेपाल (BYAN), सुकेधारा, काठमाडौँ ले पेस गरेको पत्रबमोजिम अपाङ्गता भएका व्यक्तिहरूका लागि पहुँचयुक्तताको परीक्षण (Accessibility Audit) कार्य सञ्चालन गर्न आवश्यक सहजीकरण तथा समन्वय गर्ने,

३. प्रस्ताव नम्बर तीन उपर छलफल गर्दा, बर्दिबास नगरपालिका क्षेत्रभित्रका विभिन्न वडाहरूमा रहेका सडक तथा बाटोहरू मर्मत गर्नुपर्ने अवस्था भएमा सम्बन्धित वडा कार्यालयको सिफारिसका आधारमा अधिकतम रु. १,००,०००।– (अक्षरेपी एक

लाख रुपैयाँ मात्र) सम्मको मर्मत कार्यबापतको प्राविधिक लागत अनुमान तयार गरी स्वीकृत गर्ने तथा सम्बन्धित बजेट शीर्षकबाट कार्य सम्पन्न भएपछि प्राविधिक मूल्याङ्कन तथा कार्य सम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी दिने,

४) प्रस्ताव नम्बर चार उपर छलफल गर्दा, बर्दिबास नगरपालिकाबाट वडा नं. ८ को सत्खोली देखी खजुरिया सम्म सडक कालो पत्रे (BM/NCB/WORKS/2081/082-10) योजनाको निर्माण कार्य सम्पन्न गर्ने क्रममा केही भाग कालोपत्रे गर्न बाँकी रहेको र स्थानीयवासीहरूबाट सम्पूर्ण सडक कालोपत्रे गर्न माग भई आएको हुँदा उक्त योजनाको परिमाणमा वृद्धि हुन गएको देखिएकाले प्राविधिक प्रतिवेदनका आधारमा ९.५२ प्रतिशत भे।एसन स्वीकृत गर्ने निर्णय गरियो।

५) प्रस्ताव नम्बर पाँच उपर छलफल गर्दा, आर्थिक वर्ष २०७८/०७९ मा सञ्चालन भएका तपसिलमा उल्लिखित योजनाहरूको निर्माण कार्य सम्बन्धित निर्माण व्यवसायीबाट हालसम्म सम्पन्न नभएको तथा निर्माण कार्य सम्पन्न गर्न पटक पटक ताकेता गर्दा समेत सम्बन्धित निर्माण व्यवसायी सम्पर्कमा नआएकोले उक्त योजनाहरूसँग सम्बन्धित बैंक जमानतको रकम जफत गर्ने र सम्बन्धित निर्माण व्यवसायीलाई कानुनबमोजिम आवश्यक कारवाही गर्न कार्यालयलाई निर्देशन दिने,

१. DEVI RAMAN CONSTRUCTION COMPANY PVT.LTD,SATDOBATO-15,LALITPUR (NCB/WORKS/BM/078-79/05) -गुम्बाबाट नयाँ टोल जाने सडक कालोपत्रे,ब.न.पा. ४

६) प्रस्ताव नम्बर छ उपर छलफल गर्दा, नेपाल रेडक्रस सोसाइटी, उपशाखा बर्दिबास रक्त संचार केन्द्रलाई सम्झौता अनुसारको अनुदान रकम (बर्दिबास नगर भित्रका नागरिकहरुको लागि रक्त संचार सेवाको लागि अनुदान) भुक्तानी दिन हाल उक्त कार्यक्रमको स्रोतमा रकम निकासा नभएकोले सोधभर्ना हुने गरी हाललाई ३,५०,०००/-(तीन लाख पचास हजार) प्रकोप व्यवस्थापन कोषबाट भुक्तानी दिने,

७) प्रस्ताव नम्बर सात उपर छलफल गर्दा, बर्दिबास नगरपालिकाबाट विगतका वर्षहरूमा सञ्चालन गरिँदै आएको कार्यक्रमलाई निरन्तरता दिँदै आर्थिक वर्ष २०८३/०८४ मा समेत सामुदायिक विद्यालयहरूमा अध्ययनरत १२ देखि १६ वर्ष उमेर समूहका बालबालिकाहरूको सांगीतिक प्रतिभाको पहिचान, विकास तथा प्रवर्द्धन गर्ने उद्देश्यले यस आर्थिक वर्षको स्वीकृत बजेट तथा कार्यक्रमअन्तर्गतको "विविध संघसंस्था सहयोग" शीर्षकबाट रु. २,००,०००/- (अक्षरेपी दुई लाख रुपैयाँ मात्र) उपलब्ध गराउने गरी वर्दिवास म्युजिक ट्रेनिङ सेन्टरका सञ्चालक पूर्ण परियारसँग सम्झौता गरी सम्झौतामा उल्लेख भएबमोजिमको प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने/गराउने गरी कार्यक्रम सञ्चालनका लागि अनुमति प्रदान गर्ने,

८) प्रस्ताव नम्बर आठ उपर छलफल गर्दा, उपभोक्ता समिति गठन,परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि,२०८३ स्वीकृत गर्ने,

९) प्रस्ताव नम्बर नौँ उपर छलफल गर्दा, बर्दिबास नगरपालिका वडा नं.८ को वडा कार्यालयको च.न. ०२०५, मिति २०८३/०४/२८ गतेको पत्रानुसार बर्दिबास नगरपालिका वडा नं.८ स्थित प्रहरी चौँकी ,हात्तिलेटलाई देहायका सामग्री खरिद गरी वडा कार्यालय मार्फत सम्बन्धित कार्यालयलाई हस्तान्तरण गर्ने,

- डेस्कटप कम्प्युटर - थान १
- प्रिन्टर(प्रिन्ट मात्र हुने) - थान १

जयराम गजुरेल
प्रमुख प्रशासकीय अधिकृत